वी.म.न.का.पा.को.का.
मु. द. नं. ४८६५
मिति ०८१/६/१२

# सीर्सीया नदी प्रदुषण नियन्त्रण सम्वन्धि (मिति २०८१/०६/०९ र १० गते)

# उद्योगहरुको अनुगमन प्रतिवेदन



**प्रतिवेदन तयार गर्नेः**

वन,वातावरण तथा हरीयालि पर्वद्धन शाखा

वीरगंज महानगरपालिका

**पेश गरिने निकायः**

श्रीमान् प्रमुखज्यू,

श्रीमान् उप-प्रमुखज्यू,

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,

वीरगंज महानगरपालिका,पर्सा।

*असोज,२०८१*

सीर्सीया नदी बारा जिल्लाको सिमरा पश्चिममा पर्ने राम वनस्थित वनमा प्राकृतिक मुहान भई पर्सा जिल्लाको वीरगंज हुदै मित्र राष्ट्र भारतको रक्सौल भएर बग्ने गरेकोछ। देशको अधिकतम औधोगिक क्षेत्र भएका जिल्लाहरुमा बारा र पर्सा पर्दछन्। पहिलेको तुलनामा सुक्खा मौसममा सीर्सिया नदीको प्राकृतिक बहाव कम हुनु हुदै गएको अवस्थामा छाला उद्योग, टेक्सटायल उद्योग, साबुन उद्योग, पेपर उद्योग र तेल रिफाइनरि जस्ता विभिन्न उद्योगहरुबाट निस्कने ढललाई, प्रशोधन नगरि नदीमा मिसाउने गरेको कारणले लामो समय देखि सीर्सीया नदी प्रदुषित भइराखेको देखिन्छ।

सार्वजनिक विकाश निर्माणका आयोजनाहरु, उद्योग,कलकारखाना तथा प्रतिष्ठानहरुको निर्माण तथा संचालन चरणमा ति आयोजनाहरुको कारण वरपरको वातावरणमा पर्न सक्ने प्रभाव र ति प्रभावलाई अभिवृद्दि तथा न्युनिकरण कसरि गर्न सकिन्छ भनि नेपाल सरकार वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहि संघीय वातावरण संरक्षण ऐन;२०७६ तथा नियमावली; २०७७ बनेकोछ। उल्लेखित ऐन कानुनमा रहेर वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्वन्धित निकायबाट स्वीकृत गरेरमात्र आयोजना संचालन गर्नुपर्ने र संचालनको समयमा प्रस्तावकले सोको अर्ध-बार्षिक वातावरणीय अनुगमन प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा पेश गर्नुपर्ने कुरा कानुनमा उल्लेख गरिएकोछ। विशेष गरि उद्योगहरुको हकमा वातावरणीय अनुगमन गर्ने निकायको रुपमा वन तथा वातावरण मन्त्रालय, उद्योग,वाणीज्य तथा आपुर्ति मन्त्रालय, उद्योग विभाग, वातावरण विभाग, सम्वन्धित प्रदेशको वन तथा वातावरण मन्त्रालय र अन्त्यमा स्थानीय पालिकाहरु पर्दछन्। स्थानीय तहको वातावरण संरक्षणको सम्बन्धमा आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने, वातावरण संरक्षण ,प्रवर्धन र वातावरणमैत्री समाज निर्माण गर्ने, सम्पदाको संरक्षण गर्ने, मापदण्ड र गुणस्तर कायम गर्ने गराउने, वातावरणीय व्यवस्थापन योजना तयार गर्ने, स्वीकृति तथा सिफारिस नलिएका आयोजनालाई संचालनमा रोक लगाउने, प्रदुषण रोकथाम नियन्त्रण तथा जरिवाना गर्ने कुरा महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनमा उल्लेख गरिएकोछ। देशको वातावरणीय अनुगमन गर्नुपर्ने अधिकार प्राप्त छाता निकायहरुमा वातावरणीय अनुगमनको कार्य फितलो देखिएकोछ। दण्ड तथा जरिवानाको हकमा वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण गर्न वनेको ऐन २०७७ को दफा ३७ बमोजिम वातावरण अध्ययन प्रतिवेदन विपरित कार्य गर्ने तथा प्रदुषण फैलाउने उद्योगहरुलाई रु.३,००,००० सम्म जरिवाना गर्न सकिने कुरा उल्लेख गरिएकोछ। स्थानिय निकायलाई प्रदुषण नियन्त्रण सम्वन्धि पुर्ण अधिकार नभएको र सीर्सीया नदी प्रदुषण गर्ने धेरैउद्योगहरु महानगरपालिकाको अधिकार क्षेत्र भन्दा बाहिर रहेको हुदा सीर्सीया नदी प्रदुषण नियन्त्रण एक चुनौतिको विषय बनेकोछ।

यस वन,वातावरण तथा हरियालि पर्वद्धन शाखाले निरन्तर रुपमा विभिन्न उद्योगहरुको निरीक्षण तथा अनुगमन गरि प्रतिवेदन तहाँ श्रीमान् समक्ष पेश गर्दै आएकोछ। नेपालिहरुको महान पर्व शुभ वीजया दशमी,तिहार र छठ पर्वलाई मध्य नजर गर्दै सीर्सीया नदी प्रदुषण नियन्त्रण गर्न दैनिक रुपमा

उद्योगहरुको अनुगमन तथा निरीक्षण कडाइका साथ गरिएको जानकारी गराउदै अनुगमनका क्रममा ढल प्रदुषण गर्ने उद्योगहरुलाई कारवाहीको दायरामा लिनुपर्ने देखिन्छ।

निरन्तर अनुगमनका क्रममा वीरगंज महानगरपालिकाको अधिकार क्षेत्र भित्र रहि सीर्सीया नदी प्रदुषण गर्ने मुख्य उद्योगहरु देहाय बमोजिम रहेकाछन्। जस मध्ये केहि उद्योगहरुमा ढल प्रशोधन गर्ने कार्य सुधार गरिएको पाइन्छ।

| क्र.स. | उद्योगको नाम | अवस्थिति | किसिम | प्रदुषणको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | अरनिका टेक्सटाइल उद्योग प्रा.लि. | वीरगंज महानगरपालिका - २१ | धागोबाट कपडा उत्पादन गर्ने | प्रशोधन प्लान्ट नरहेको, हाल मात्र ३वटा पोखरिहरु निर्माण गरि, उद्योगबाट निस्केको ढल पोखरीमा जम्मा गर्ने गरेको , पोखरी भरिएर ढल सिधै नाला हुदै सीर्सिया नदीमा बग्ने गरेको। | समस्याग्रस्त अवस्थामा रहेको |
| २ | सिद्धि टेक्सटाइल उद्योग | वीरगंज महानगरपालिका - २१ | धागोबाट कपडा उत्पादन गर्ने | प्रशोधन प्लान्ट नरहेको, कङ्क्रिट पोखरी निर्माण गरेको, ढल प्रदुषण कम गर्न समय समयमा पोखरीमा ब्लिचिङ पाउडर जस्ता रासायनको प्रयोग गर्ने गरेको | सुधार गरिएको |
| ३. | मोरीयम लेदर इन्डस्ट्रिज | वीरगंज महानगरपालिका - २२ | छालाजन्य पदार्थको उत्पादन | प्रशोधन प्लान्ट जडान गरेको। | सुधार गरिएको |
| ४. | ग्लोबल लेदर इन्डस्ट्रिज | वीरगंज महानगरपालिका - २२ | छालाजन्य पदार्थको उत्पादन | प्रशोधन प्लान्ट नरहेको। ढल पोखरीमा जम्मा गर्ने गरेको । | उद्योग कम चल्ने /प्रशोधन प्लान्ट जडान भइराखेको |
| ५. | मोसरफ लेदर उद्योग | महानगरपालिका - २१ | छालाजन्य पदार्थको उत्पादन | प्राइमरी प्रशोधन प्लान्ट रहेको। | प्लान्ट कम चल्ने गरेको |



४३१.

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | पाना पेपर उद्योग प्रा.लि | महानगरपालिका - २१ | पेपर र पल्प उत्पादन गर्ने | प्रशोधन प्लान्ट नभएको। उद्योगबाट निस्केको ढल समय समयमा सिर्सिया नदीमा मिसाउने गरेको। | सुधार गरिएको |
| ७. | भास्कर हर्वासिटिकल | महानगरपालिका - ३२ | जडिबुडीबाट औषधी बनाउने | ढल आन्तरिक व्यवस्थापन गरेको | सुधार गरिएको |
| ८. | अन्नपुर्ण (अमृत) रिफाइनरी तेल उद्योग प्रा.लि. | वीरगंज महानगरपालिका २१ | रिफाइनरी तेल को प्रशोधन तथा विक्रि वितरण | प्रशोधन प्लान्ट नभएको उद्योगबाट उत्सर्जित ढल पोखरीमा जम्मा गर्ने गरेको | समस्याग्रस्त अवस्थामा रहेको |
| ९. | नारायणी आयल रिफाइनरी उद्योग प्रा.लि. | वीरगंज महानगरपालिका, २१,पर्सा | तेलजन्य पदार्थको उत्पादन तथा विक्री | प्रशोधन प्लान्ट नभएको | समस्याग्रस्त अवस्थामा रहेको। |


मिति२०८१/०६/०९ गते नारायणी लेदर, त्रिवेणी टेक्सटायल,सुशिल वनस्पति घ्यू र अरनिको टेक्सटायलको अनुगमन गरियो। जीतपुर सिमराले सडकको नाला मार्फत पठाएको ढलले खोलामा केहि कालो रङ थपेको देखियो भने अरनिको उद्योगको पहिलेको तुलनामा कम ढल मिसाइएको पाइए पनि अझै समस्या छ। अरु उद्योगले ढल मिसाएको देखिएन।




अरनिको प्रोसेसिङ उदयोगले नाला मार्फत ढल सीर्सीया नदीमा पठाएको दृस्य



अरनिको प्रोसेसिङ उदयोगले नाला मार्फत ढल सीर्सीया नदीमा पठाएको दृस्य



नालाबाट खोलामा मिसाइराखेको दृष्य



नालाबाट खोलामा मिसाइराखेको दृष्य



नारायणी लेदर उद्योगमा निरीक्षण गरिदै



जीतपुर-सिमारा उप-महानगरपालिकाबाट नाला मार्फत सीर्सीया नदीमा ढल मिसाइराखेको



नालाबाट सीर्सीया नदीमा ढल पठाइराखेको निरीक्षण गरिदै



नालाबाट सीर्सीयामा ढल पढाएको निरीक्षण गरिदै



जीतपुर-सीमाराको ढल सीर्सीया नदीमा मिसाइएको  दृष्य



त्रीवेणी टेक्सटायल उद्योगीसंग ढल व्यवस्थापनलाई अझ प्रभावकारी वनाउन सूझाव दिदै




२०८१-०६-०८ र ०९ गते संकलन गरेको सीर्सीया नदीको पानीको नमुना



२०८१-०६- ०९ गते
सीर्सीया नदीको अवस्था

मिति २०८१-०६-१० गते सीर्सीया नदी प्रदुषण नियन्त्रण सम्वन्धि  नारायणी तेल रिफाइनरी उद्योग, दिव्या आयल रिफाइनरी,अमृत तेल रिफाइनरी,शिद्धि टेक्सटायल,हिमालयन डिस्टिलरी,के.एन.पि. जापान को अनुगमन गरियो। अनुगमनका क्रममा नारायणी रिफाइनरी र अमृत आयल रिफाइनरी उद्योगले तेलजन्य ढल नाला मार्फत केहिमात्रमा सीर्सीया नदीमा  मिसाइएको पाइयो भने बाकी उद्योगले ढल प्रदुषण नियन्त्रण गरेको पाइयो।




P39:



नारायणी लेदरले प्लान्टबाट ढल संकलन गर्न निर्माण गरेको पोखरी



नारायणी लेदरले प्लान्टबाट ढल संकलन गर्न निर्माण गरेको पोखरी



नारायणी लेदरले प्लान्टबाट ढल संकलन गर्न निर्माण गरेको पोखरी





थप पोखरीहरु



अमृत तेल उद्योगले प्रशोधन नगरि सिर्सियामा नाला मार्फत पठाउने गरेको







<u>सीर्सीया नदीमा पानीको  अवस्था (०८१-०६-१०)</u>

